# जहाँ नवदुलहीले खोला तरे अनिवार्य बलि चढाउनुपर्ने अनौठो चलन छ


NARJUNG TAMANG

खोला तरेपछि आफन्तजनसँगै पूजा गर्न आएका नवदुलहा दुलही

**प्रकाश पन्त**
सुर्खेत

६ एप्रिल २०२४

**कर्णालीको हिमाली जिल्ला हुम्लाको ताजाकोट गाउँपालिका, मैलाका मनदत्त जोशीले दुई वर्ष अघि बाजुरा कोल्टीकी निर्जना पाण्डेसँग विवाह गरे।**

केटी भगाएर हुम्ला र बाजुरा जिल्लाको सिमानामा पर्ने कवाडी खोला तरेर घर ल्याएका उनले गएको असोज महिनामा आफुहरूले तरेको खोलाको किनारमा बलि चढाए।

कवाडी खोला तरेर दुलही घर ल्याउँदा बलि दिने पुर्खौंदेखिको चलनलाई सुरुमा खासै वास्ता नगरेका मनदत्तले विवाह गरेको २ वर्षसम्म पनि गर्भ नबस्ने, श्रीमति बिरामी भइरहने र दुई जनाबीच मनमुटाव हुन थालेपछि बलि चढाउन बाध्य भएको बताए।

"गाउँलेले भनेजस्तै बच्चा नहुने, महिलाको ज्यान सुक्दै जानेजस्ता समस्या देखिन थालेपछि मनमा पनि आशङ्का उब्जियो," उनले भने। "बलि नचढाउँदासम्म बच्चा हुँदैन कि भन्ने लागेर रुढीवादी परम्परालाई मान्न बाध्य भएँ।"

त्रिचन्द्र कलेज काठमाण्डूमा स्नातक तहमा अध्ययनरत उनी कुवाडो देउतालाई बलि चढाएपछि भने गर्भ पनि रहेको र अरू तनावबाट पनि मुक्ति मिलेको अच्चमको अनुभूति भएको दाबी गर्छन्।

मनदत्तजस्तै बझाङ, बाजुरा, हुम्ला र मुगुबासीले कवाडी खोला तारेर नयाँ दुलही घर भित्र्याउँदाअनिवार्य रूपमा बलि दिँदै आएका छन्।

हुम्ला र बाजुरा जिल्लाको सिमाना भएर बग्ने कवाडी खोलामा बाजुराको हिमाली गाउँपालिकाको ठुले र

हुम्लाको ताजाकोट गाउँपालिकाको काँडागाउँ जोडने बेलीब्रिज छ।

**जुम्लामा छोरा र बुहारी सँगसँगै पढ्न जाने चलन बढ्दो क्रममा**

१६ नोभेम्बर २०२३

**‘भूतलाई अलमल्याउन’ हुम्लामा मनाइने अनौठो खालको चैतलो पर्व**

१२ मार्च २०२३

# नयाँ यातायातका साधन र पशुचौपाया किन्दा पनि बलि अनिवार्य



NARJUNG TAMANG

कुवाडो देउताको थानमा आएर पूजा गरिरहेका सर्वसाधारण

त्यही बेलिब्रिजको छेउमै रहेको कुवाडो देउताको थानमा आएर गाउँलेले कुवाडो देउतालाई बलि चढाएर पूजा गर्ने चलन छ।

उक्त खोला पहिलोपटक तर्ने जो कोही नवदुलहीले आइतवार बाहेक अरू बारमा आएर पूजा गर्नु पर्ने मान्यता छ।

प्रायजसो माघे र साउने पूर्णिमाको दिनमा बलि चढाएर पूजा गर्ने गरिन्छ।

- कर्णालीमा घरका मूल ढोका र मन्दिरमा किन भेडाका आकृति कुँदिन्छन्?
- संस्कृति: धूमधामसँग 'छोरा तिहार' मनाउने डोल्पा र जुम्लाको अनौठो चलन

यो चलन बाजेबराजुको पालादेखि चल्दै आएको ताजाकोटका कर्णप्रसाद जैसीले बताए।

"यदि दुलहा पक्षले नदिए दुलही पक्षले भए पनि कुवाडो देवतालाई बलि दिनुपर्छ," उनले भने।

कवाडी खोला पहिलोपटक तरेका नयाँ यातायातका साधन, गाईगोरु, भैँसीजस्ता पशुचौपाया किनेर ल्याउँदा पनि बलि दिने चलन छ ।

गाउँलेहरूका अनुसार त्यहाँ रहेको प्रहरी चौकीमा आउने कतिपय नयाँ प्रहरीले समेत कुवाडो देउतालाई बलि चढाउने गरेका छन्।

## कुवाडो देवतालाई सम्झने चलन



नयाँ पशु चौपाया किनेर खोला तराएपछि कुखुराको बलि दिएर पूजा गर्दै गरेका एकजना स्थानीयबासी

नयाँ विवाह गरी कवाडी पुल वारपार गरेपछि बलि दिनुपर्छ भन्ने चलन पहिल्यै देखि चलेको हो।

पुलनजिकै कवाडो देउताको थानमा बलि दिन दिनहुँ जसो मान्छेहरू आउँछन्।

नयाँ विवाह गर्दा, नयाँ वस्तु किन्दा सबैभन्दा पहिला कुवाडो देवतालाई सम्झने चलन रहेको स्थानीय राजबहादुर धामी बताउँछन्।

उनी भन्छन्, "यदि कुवाडो देउतालाई नसम्झने हो भने बच्चाबच्ची नहुने, गाइभैँसीले दुध नदिने, गाईभैँसी थारिने (बाँझो हुने), परिवारमा बेमेल हुने, गाडीको इन्जिन विग्रनेजस्ता समस्या आइपर्ने यहाँ मान्यता छ।"

विदेश र छिमेकी मुलुक भारतबाट कमाइ गरेर घर फर्कने कतिपय गाउँलेहरूले समते बलि चढाउँछन्।

- कर्णालीः के बिहे गर्न जान लागेको छोरालाई आमाले साँच्चै स्तनपान गराउँछन्? कहाँ छ यस्तो चलन?
- दशैँ: कर्णालीमा किन मान्यजनले पनि आफूभन्दा सानाको हातबाट टीका-जमरा लगाउँछन्

स्थानीय तहमा व्याप्त उक्त मान्यताकै कारण हरेक व्यक्तिले आफ्नो गच्छे अनुसार (हुने खानेले बोका र

नहुनेले कुखुरा) को बलि चढाउँछन्।

विशेषगरी दुलही भित्र्याउँदा बोका र पशुचौपाया किनेर ल्याउँदा कुखुराको बलि दिने चलन छ।

बलिको साथै कुवाडो देवतालाई खिचडी, पुरी रोटी, धजा र घण्टीहरू समेत चढाइन्छ ।

# सुत्केरी र महिनावारी भएका महिलाले खोला तर्दैनन्

सुत्केरी र महिनावारी भएका महिलाहरूले भने कवाडी खोला तर्दैनन्।

यस्तो बेला खोला तरे देउता रिसाएर दु:ख दिने डरले सुत्केरी र महिनावारी हुँदा आफूहरूले खोला नतर्ने गरेको कमला पाण्डे जैसी बताउँछिन्।

"खोला नजिक जाँदा केही भइहाल्ने हो कि भनेर शरीर नै जिरिङ्ग हुन्छ," उनी भन्छिन्। "देउताको असाध्यै डर लाग्ने भएकोले सुत्केरी हुँदा कम्तीमा १२ दिन र महिनावारी हुँदा ५ दिनपछि मात्रै खोला तर्ने गर्छौं।"

खोला जहाँ तरेपनि बेलीब्रिज नजिक रहेकै थानमा बलि चढाउने र पूजा गर्ने गरिन्छ।

कसैले थाहा नपाएर खोला तरे पनि थाहा हुन बित्तिकै पूजा गरेर बलि चढाउँछन्।

बेलीब्रिज बन्नु अघि उक्त ठाउँमा पहिला घाटबाट मान्छेहरू खोला तर्ने गर्थे।

गाउँबाट कामको सिलसिलामा घरबाहिर जाँदा कुवाडो देउतालाई अनिवार्य सम्झने र फर्केर आएपछि बलि दिएर पूजा गर्ने चलन त्यहाँ छ।

**बीबीसी न्यूज नेपाली यूट्यूबमा पनि छ। हाम्रो च्यानल सब्स्क्राइब गर्न तथा प्रकाशित भिडिओहरू हेर्न यहाँ क्लिक गर्नुहोस्। तपाईँ फेसबुक, इन्स्टाग्राम र ट्विटरमा पनि हाम्रा सामग्री हेर्न सक्नुहुन्छ। अनि बीबीसी नेपाली सेवाको कार्यक्रम बेलुकी पौने नौ बजे रेडिओमा सोमवारदेखि शुक्रवारसम्म सुन्न सक्नुहुन्छ।**

## सम्बन्धित सामग्री

## मुख्य समाचार

**ताइवानलाई 'दण्ड' दिन चिनियाँ सैन्य अभ्यास सुरु**

५ घण्टा पहिले

**अस्ट्रियामा मदिरा गोदाम सफा गर्न लाग्दा फेला परे म्यामथका हजारौँ वर्ष पुराना हड्डी**

१ घण्टा पहिले

**श्रीलङ्कामा जङ्गली हात्तीहरू बाटो ढुकेर मान्छेको खानेकुरा लुट्छन्**

४ घण्टा पहिले

## अनि यो पनि




विमानमा हुने 'टर्ब्युलन्स' के हो, कसरी उत्पन्न हुन्छ

२२ मई २०२४



'ज्यान मार्ने धम्की र बमले ओलिम्पिक्स खेल्ने मेरो सपना रोक्न सकेनन्'

२२ मई २०२४



इजरेली र हमास नेताविरुद्ध जारी हुन सक्ने 'पक्राउपुर्जी'को अर्थ के हो



जोर्जामा पनि के रुसबाट खतरा बढेको हो

२१ मई २०२४

२० मई २०२४



मृत्यु भइसकेका बाबुको आवाजमा जबाफ दिन सक्ने च्याटबट बनाएका छोरा

१९ मई २०२४

## धेरै पढिएको

१ ताइवानलाई 'दण्ड' दिन चिनियाँ सैन्य अभ्यास सुरु

२ विमानमा हुने 'टर्ब्युलन्स' के हो, कसरी उत्पन्न हुन्छ

३ सन्दीप लामिछानेले अमेरिकाको 'भिसा पाएनन्', क्यानले अब के गर्ला

४ अस्ट्रियामा मदिरा गोदाम सफा गर्न लाग्दा फेला परे म्यामथका हजारौँ वर्ष पुराना हड्डी

५ जेठ १५ मा कसरी आउला बजेट? के सरकारको भविष्यसँग त्यसको सम्बन्ध छ?

© 2024 बीबीसी। अन्य वेबसाइटका सामग्रीहरूका लागि बीबीसी जिम्मेवार छैन। **बाह्य वेबसाइटको लिङ्क प्रयोग सम्बन्धमा हाम्रो नीति पढ्नुहोस्।**